# त्रिशुली जलविद्युत कम्पनी लिमिटेड

बनस्थली, काठमाडौं, नेपाल

पत्र संख्या : २०८१/८२ चलानी नं. : 3८०

मिति : २०८१/०९/२६

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्ति मार्ग, भद्रकालि, काठमाण्डौं।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर , काठमाडौँ ।
श्री विद्युत नियमन आयोग,
सानोगौचरण , काठमाडौं।
श्री सिडीएस एण्ड क्लियरिङ लिमिटेड,
पुतलीसडक, काठमाडौं।

**विषय**: कम्पनीको तेह्रौं वार्षिक साधारण सभाको माइन्युट वारे।

प्रस्तुत विषयमा त्रिशुली जलविद्युत कम्पनी लिमिटेड(लि.नं.१२९५/०६७/०६८) को मिति २०८१/०९/२५ मा सम्पन्न तेह्रौं वार्षिक साधारणसभाको निर्णय पुस्तिका (माईन्युट) यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

2081/09/26

(भरत कुमार खड्का)
कम्पनी सचिव

फोनः ०१-५९०२९६४, फ्याक्सः ०१-५९०२९६३, E-mail: tjcl2068@gmail.com, Website: www.trishulijalvidhyut.com.np

# त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको

## तेह्रौं वार्षिक साधारण सभाको निर्णय

यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री कुलमान घिसिङको अध्यक्षतामा मिति २०८१ पौष २५ गते बिहीवार (तदनुसार ९ जनवरी २०२५) विहान ११:०० बजे देखि अपरान्ह १२:३० बजेसम्म आम्रपाली बैन्क्वेट, भाटभटेनी, काठमाडौँमा सम्पन्न १३ औं वार्षिक साधारण सभाको निर्णयहरु तथा अन्य काम कार्यवाही समेतको निर्णय पुस्तिका (माइन्युट) देहाय बमोजिम रहेको छ :

**१. सभामा उपस्थिति**

(क) संचालकहरुको उपस्थिति:

१. श्री कुलमान घिसिङ (नेपाल विद्युत प्राधिकरणबाट प्रतिनिधित्व)
२. श्री मदन तिम्सिना (नेपाल विद्युत प्राधिकरणबाट प्रतिनिधित्व)
३. श्री मोहन प्रसाद गौतम (नेपाल विद्युत प्राधिकरणबाट प्रतिनिधित्व)
४. श्री अमुल प्रधान (नेपाल दुरसंचार कम्पनी लिमिटेडबाट प्रतिनिधित्व)
५. श्री राजेन्द्र अर्याल (नेपाल दुरसंचार कम्पनी लिमिटेडबाट प्रतिनिधित्व)
६. श्री डिल्ली राम अधिकारी (नेपाल दुरसंचार कम्पनी लिमिटेडबाट प्रतिनिधित्व)

(ख) अन्य पदाधिकारीहरु

१. श्री आनन्द ढुंगेल, प्रमुख कार्यकारी अधिकृत , त्रिशुली जलविद्युत कम्पनी लि.
२. श्री लिला राज ढकाल ,आ.व.२०८०/८१ को लेखापरीक्षक
३.श्री भरत कुमार खड्का, कम्पनी सचिव, त्रिशुली जलविद्युत कम्पनी लि.
४ . श्री इन्दीवर घिमिरे, आयोजना प्रमुख, माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना
४५. श्री संजय कार्की , लेखा प्रमुख, त्रिशुली जलविद्युत कम्पनी लि.
६. श्री सुनिल श्रेष्ठ, उप प्रबन्धक, त्रिशुली जलविद्युत कम्पनी लि.
७. श्री चिरन्जीवि बानिया बरिष्ठ लेखा अधिकृत, त्रिशुली जलविद्युत कम्पनी लि.
८. श्री अनु थापा , प्रतिनिधि, शेयर रजिस्ट्रार, ग्लोबल आईएमई क्यापिटल लिमिटेड
९. श्री मिरा खड्का, प्रतिनिधि, शेयर रजिस्ट्रार, ग्लोबल आईएमई क्यापिटल लिमिटेड
१०. श्री सोनाम दावा शेर्पा , प्रतिनिधि, शेयर रजिस्ट्रार, ग्लोबल आईएमई क्यापिटल लिमिटेड

(ग) शेयरधनीहरुको उपस्थिति तथा प्रतिनिधित्व

| विवरण | कुल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थित | | जम्मा उपस्थित | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | प्रोक्सी मार्फत | | | |
| समूह "क" संस्थापक शेयरधनी | २ | १,४८,२०,००० | २ | - | २ | १,४८,२०,००० | ८०.०४ |
| समूह "ख" सर्वसाधारण शेयरधनी | १,५४,३९८ | ३७,०५,००० | १३१ | - | १३१ | ६,९२२ | |
| जम्मा | १,५४,४०० | १,८५,२५,००० | १३३ | - | १३३ | १,४८,२६,९२२ | |

२. छलफलका विषयहरु

(१) सामान्य प्रस्ताव

(क) संचालक समितिको तर्फबाट संचालक समितिका अध्यक्षद्वारा आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात , नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु सहित आ.व. २०८०/८१ को आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने।

(ग)कम्पनीको आ.व. २०८१/८२ को वित्तीय विवरणहरुको लेखापरिक्षण गर्नका लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

(२) विविध

३. सूचना प्रकाशन

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिम संचालक समितिको मिति २०८१/०९/३को २२६ औं बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन सहित तेह्रौं वार्षिक साधारण सभाको सूचना मिति २०८१/०९/०४ गते प्रथम पटक र मिति २०८१/०९/०५ गते दोस्रो पटक गरी दुई पटक गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरुका वारेमा शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो। साथै तेह्रौं वार्षिक साधारण सभाको बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेवसाइट www.tjvcl.com मा समेत राखिएको थियो।

४. गणपुरक संख्या

कम्पनी ऐन,२०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३(१) मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँट भएको कुल शेयर संख्याको कम्तिमा ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख भएकोमा यस सभामा कम्पनीका २(दुई) संस्थापक शेयरधनी संस्थाहरु नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसंचार कम्पनी लिमिटेडवाट एक एक जना गरी उपस्थित दुई जना र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट उपस्थित जम्मा १३१ जना गरी कुल उपस्थित १३३ जना शेयरधनीहरुवाट बाँडफाँट भएको कुल शेयर संख्याको ८०.०४ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुनाले कम्पनी ऐन,२०६३ र कम्पनीको नियमावली बमोजिम तेह्रौं वार्षिक साधारण सभाको काम कार्यवाहीका लागि गणपुरक संख्या पुगेको यकिन गरियो।

५. सभाको वैधानिकता तथा अध्यक्षता

साधारण सभा हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन,२०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ (१) बमोजिमको गणपुरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकावाट देखिएको र कम्पनी ऐन,२०६३ को दफा ६९ बमोजिम सभाको बैधानिकता माथि छलफल हुँदा कम्पनी ऐन,२०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशन गरी जानकारी गराइएको देखिएको हुँदा यस तेह्रौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाइएको भनि उपस्थित शेयरधनीहरुवाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भएको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो। तत् पश्चात कम्पनीको नियमावलीको नियम १९(१) मा



TJVCL

व्यवस्था भए बमोजिम कम्पनी संचालक समितिका अध्यक्ष श्री कुलमान घिसिङको अध्यक्षतामा तेह्रौं वार्षिक साधारण सभाको काम कार्यवाही शुरु गरियो।

## ६. सभा संचालन तथा प्रस्ताव उपर छलफल

सभाका अध्यक्षको अनुमतिमा कम्पनी सचिव श्री भरत कुमार खड्काबाट साधारण सभाको कार्यक्रम संचालन भए पछि संचालक समितिका अध्यक्ष श्री कुलमान घिसिङज्यूवाट कम्पनीको आ.व २०८०/८१ को संचालकको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो। तत्पश्चात अध्यक्षज्यूवाट शेयरधनीहरुलाई उपलब्ध गराइएको लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु सहित आ.व. २०८० /८१ को आर्थिक विवरण र आ.व.२०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने सम्वन्धमा आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्वन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गर्नु भएकोमा निम्न शेयरधनीहरुले निम्न जिज्ञासा र सुझाव राख्नु भयो।

**१. श्री तुलसी प्रसाद सापकोटा , शेयरधनी प्रतिनिधि (संस्थापक) , नेपाल विद्युत प्राधिकरण**

- आ. व. २०८०/८१ का लेखापरीक्षकले औंल्याएको बिषयमा आगामी दिनहरुमा कार्यन्वयन गर्न सुझाब दिनुका साथै कम्पनीवाट निर्माणाधीन माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको निर्माण समयमा सम्पन्न होस भनी शुभकामना व्यक्त गर्नु भयो।

**२. श्री प्रेम प्रसाद तिम्सिना लगायत अन्य सर्वसाधारण शेयरधनी**

अग्रिम १० प्रतिशत शेयर मूल्य बुझाएका तर बाँकी ९० प्रतिशत रकम बुझाउन छुटेका शेयर धनीहरुलाई पुन: एक पटक उक्त बाँकी शेयर मूल्य बुझाउन मौका दिनु पर्ने माग राख्नु भयो।

## ७. शेयरधनीको जिज्ञासा तथा सुझावमा अध्यक्षको तर्फ बाट प्रमुख कार्यकारी अधिकृतको जवाफ

- आ. व. २०८०/८१ मा लेखापरिक्षकले औंल्याएको कतिपय बिषय नीतिगत रहेकोले सो बिषयहरु यस कम्पनीको मात्र नभई सबै जलविद्युत कम्पनीहरुमा बिद्यमान रहेको र आगामी दिनहरुमा क्रमश: उक्त बिषयहरु सम्बोधन हुदै जाने जानकारी गराउनु भयो।
- अग्रिम १० प्रतिशत शेयर मूल्य बुझाएका तर बाँकी ९० प्रतिशत रकम बुझाउन बाँकी शेयरधनीहरुलाई पुन: एकपटक बाँकी शेयर मूल्य बुझाउन मौका दिने वारेमा प्रचलित कानुनी व्यवस्था बमोजिम अगाडी बढने जानकारी गराउनु भयो।

## ८. प्रस्ताव तथा निर्णयहरु

**विषय सूची अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय ग-यो :**

### (१) सामान्य प्रस्ताव

(क) संचालक समितिको तर्फबाट संचालक समितिका अध्यक्ष श्री कुलमान घिसिङले साधारण सभामा प्रस्तुत गर्नु भएको कम्पनीको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल भई उठेका जिज्ञासाहरुलाई अध्यक्षको तर्फवाट प्रमुख कार्यकारी अधिकृतले स्पष्ट पारी सकिएकोले उक्त प्रतिवेदन पारित गरियोस भनी सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिवाट पारित गरियो।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु सहित आ.व. २०८०/८१ को आर्थिक विवरण उपर छलफल भई उठेका



TJVCL

जिज्ञासाहरुलाई स्पष्ट पारी सकिएकोले उक्त आर्थिक विवरण सहितको प्रतिवेदन पारित गरियोस भनी सभा समक्ष प्रस्ताव गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिवाट पारित गरियो ।

(ग) कम्पनीको आ. व. २०८१/८२ को वित्तीय विवरणको लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयवाट प्राप्त हुने परामर्श अनुरुप हुने गरी लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिकको सम्वन्धमा वैधानिक लेखापरीक्षण वापत रु.२,१०,०००/- र कर लेखापरीक्षण बापत रु.५०,०००/- समेत गरी जम्मा रु. २,६०,०००/- (अक्षरुपी दुई लाख साठ्ठी हजार रुपैया मात्र) मूल्य अभिवृद्धि कर बाहेक निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

### (२) विविध

विविध शीर्षक अन्तर्गत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शीर्षकमा कुनै निर्णय भएन ।

## ९. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

कम्पनीको यस तेह्रौं वार्षिक साधारण सभा कम्पनी ऐन,२०६३ र कम्पनीको नियमावली अनुसार सभा बस्ने मिति, समय र स्थान तथा सभामा छलफल गरिने विषयहरु सहित शेयरधनी महानुभावहरुलाई सूचना प्रकाशित गरी जानकारी गराइए बमोजिम तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका संचालकहरु तथा अन्य निकायका प्रतिनिधिहरु उपस्थित भई तेह्रौं वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षवाट सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सक्रिय रुपले छलफलमा सहभागी भई रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नु भएकोमा सवैलाई धन्यवाद दिनु भयो । साथै कम्पनीको यस तेह्रौं वार्षिक साधारणसभालाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग पु-याउनु भएकोमा शेयरधनी महानुभावहरु, लेखापरीक्षक, शेयर रजिष्ट्रारका प्रतिनिधि, कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा अन्य कर्मचारीहरु र उपस्थित सम्पूर्ण महानुभावहरुमा धन्यवाद दिदै सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| भरत कुमार खड्का | कुलमान घिसिङ |
| कम्पनी सचिव | अध्यक्ष |

मिति : २०८१/०९/२५ गते बिहीवार

TJVCL